# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पुस २१ गते २०३२ साल


श्री ५ को सरकार

## जल तथा विद्युत् मन्त्रालयको

## सूचना

कुलेखानी जल विद्युत् विकास समिति (गठन) आदेश, २०३२

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस आदेशको नाम "कुलेखानी जल विद्युत् विकास समिति (गठन) आदेश, २०३२" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा–

"परियोजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत कुलेखानी जल विद्युत् विकास परियोजना सम्झनुपर्छ।

३. समितिको गठनः– (१) कुलेखानी जल विद्युत् विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ।

(२) उप-दफा (१) बमोजिमको समितिमा देहायका अध्यक्ष र सदस्यहरू रहने छन्:–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) माननीय जल तथा विद्युत् राज्यमन्त्री– अध्यक्ष
(ख) सचिव, जल तथा विद्युत् मन्त्रालय– उपाध्यक्ष
(ग) चीफ इञ्जिनीयर, विद्युत् विभाग– सदस्य
(घ) प्रतिनिधि, (सह–सचिव स्तर) अर्थ मन्त्रालय– सदस्य
(ङ) परियोजना प्रमुख, कुलेखानी जल विद्युत् परियोजना– सदस्य–सचिव

(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समिति सदस्यहरूको थपघट वा हेरफेर गर्न सक्नेछ ।

(४) समितिको आमन्त्रणमा कुनै स्वदेश वा विदेशी विशेषज्ञ समितिको बैठकमा पर्यवेक्षकको रूपमा उपस्थित हुन सक्नेछ ।

४. समितिको काम कर्तव्य र अधिकारः– परियोजना कार्यान्वित गर्नु समितिको कर्तव्य हुनेछ र परियोजनाको कार्यान्वयनको लागि समितिले निम्नलिखित कामहरू गर्न सक्नेछ ।

(क) परियोजनाको सर्वेक्षण, रूपाङ्कन (डिजाइन) र लगत तयार गर्ने,
(ख) स्वीकृत परियोजनाको निर्माण कार्य सञ्चालन गर्ने,
(ग) परियोजनाको निर्माण सञ्चालन वा कार्यान्वियनको सम्बन्धमा नीति निर्धारण गर्ने र ती कार्यहरूको निरीक्षण गर्ने,
(घ) परियोजनाको लागि आवश्यक कर्मचारी र सल्लाहकारहरूको नियुक्ति गर्ने,
(ङ) परियोजनाको कार्यान्वयनको लागि अन्य आवश्यक कार्यहरू गर्ने ।

५. समितिको कोषः– (१) समितिको कोषमा देहायका रकमहरू रहने छन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिने छः–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,
(ख) समितिले अरू कुनै श्रोतबाट प्राप्त गरेको रकम ।

(२) समितिको आय–व्ययको लेखा समितिले बनाएका नियमबमोजिम राखिने छ ।

६. लेखापरीक्षणः– समितिको लेखापरीक्षण प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

७. अधिकार प्रत्यायोजन गर्न सक्नेः–समितिले आफ्नो सबै वा केही अधिकार सदस्यहरूको उप–समिति, सदस्य–सचिव वा परियोजनाका कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

८. समितिको बैठक र निर्णय :– (१) समितिको बैठक अध्यक्षले वा अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले तोकेबमोजिम बस्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) अध्यक्ष वा उपाध्यक्ष र सदस्य –सचिवको अतिरिक्त अरू कुनै एक जना सदस्य उपस्थित भएमा समितिको गणपूरक संख्या पुरा भएको मानिने छ।

(३) अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले समितिको बैठकको अध्यक्षता गर्न सक्नेछ।

(४) समितिमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मतस्मेत दिन पाउने छ।

(५) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ।

(६) समितिका निर्णय समितिको सदस्य–सचिवद्वारा प्रमाणित गरिने छ।

९. नियमहरू बनाउने:– समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यक नियमहरू श्री ५ को सरकारको स्वीकृति लिई बनाउन सक्नेछ।

१०. श्री ५ को सरकारसंग सम्पर्क :– समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा जल तथा विद्युत् मन्त्रालयमार्फत राख्नुपर्छ।

११. समितिको कार्यालय:– समितिको प्रधान कार्यालय काठमाडौंमा र योजना कार्यालय मकवानपुर जिल्लामा रहनेछ।

आज्ञाले–
अच्युतबहादुर राजभण्डारी
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६१

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६२